# कोहलपुर राजपत्र

खण्ड :०३ संख्या : ०३ प्रकाशित मिति : २०७६/०४/०१

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कोहलपुर नगरपालिकाको नगर सभाले पारित गरेको तललेखिए बमोजिमको **आर्थिक वर्ष :२०७६/०७७ को नीति तथा कार्यक्रम** सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग-०१

## कोहलपुर नगरपालिका,बाँके

## पाँचौं नगर सभा

### १० असाढ २०७६

### आर्थिक वर्ष :२०७६/०७७ को नीति तथा कार्यक्रम

**उपस्थित सम्पूर्ण नगर सभाका सभासद ज्यूहरू,**

नेपालको राष्ट्रियता र स्वाभिमानमा दृढ रहदै लोकतान्त्रिक विधि र प्रकृया मार्फत आमजनजीविका आवश्यकताहरुलाई विकासका माध्यमबाट सम्वोधन गर्दै क्रमश: सबै किसिमका विभेद तथा उत्पीडनको अन्त्य र सामाजिक न्याय सहितको समृद्ध समाज निर्माण गर्ने हामी सबैको अभिप्राय रही आएको हामी कसैले पनि विर्सनु हुँदैन । म सर्वप्रथम यस गरिमामय सभामा नेपाली समाजको यही अभिप्राय प्राप्तिको आन्दोलनमा इतिहासका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । राष्ट्रिय स्वाधीनता सहितको लोकतन्त्र, सङ्घीयता, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेपालका राजनेताहरू, नागरिक समाज, सञ्चार जगत र सहभागी सबै वर्ग, तह र तप्काका जनसमुदायहरुलाई यस गरिमामय पाँचौं नगरसभामा उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधान तथा विद्यमान प्रचलित कानूनले दिएको अधिकार प्रयोग गर्दै हामीले स्थानीय सरकारको कार्यभार सम्हालेको दुई वर्षको समय व्यतित गर्दा हाल सम्म विभिन्न कानूनी तथा नीतिगत अस्पष्टताका बावजुद स्थानीय सरकारको हैसियतले कार्यसम्पादन गरी पाँचौं नगर सभासम्म आइपुग्दा स्थानीय सरकार सञ्चालन सम्बन्धी अधिकांश नियम ,निर्देशिका , ऐन ,कार्यविधि ,मापदण्ड आदि बनाई कार्यसम्पादन गरिरहेका छौ । यसै कार्य अर्न्तगत कानून, कार्यविधी, निर्देशिका र नियमावलि निर्माणमा कोहलपुर नगरपालिका ५ नं. प्रदेशमै दोश्रो स्थानमा रहेको यस गरिमामय सभामा सबै सभासद ज्यूहरुलाई जानकारी गराउदछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले व्यवस्था गरेको संघीय संरचना अनुसार पहिलो पटक भएको स्थानीय तहको ऐतिहासिक निर्वाचन सम्पन्न भई सो निर्वाचन मार्फत जनताको अभिमत प्राप्त गरी हामीले स्थानीय नगर सरकारको कार्यभार सम्हालेको पनि दुई वर्षको समय पुरा हुँदैछ । संविधानको मर्म र भावनाले प्रत्याभूत गरेको अवधारणालाई साकार पार्नको निम्ति सहयोग पु¥याउनु हुने मेरा सहयोद्धा जनप्रतिनिधि, राजनैतिक दल ,राष्ट्रसेवक कर्मचारी, उद्योगी व्यवसायी, समाजसेवी, वुद्धिजिवी, पत्रकार, सुरक्षा निकाय लगाएत सम्पुर्ण आदरणीय नगरवासीहरुमा हार्दिक आभार एवं धन्यवाद प्रकट गर्दछु ।

**सभासद् ज्यूहरु**

हामीले कार्यभार सम्हालेको दुई वर्षको समयावधि ब्यतित हुँदा **<u>सिंहदरवारको अधिकार, प्रत्येक नगरवासीको घर आँगनमा</u>** पुऱ्याउने तथा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न हामीले कोहलपुर नगरपालिकाका सबै वडामा वडा कार्यालय स्थापना गरी वडा स्तरबाट सेवा प्रवाह, सबै वडाका मुख्य सडकहरुलाई समेटेर २१ कि.मि.पक्की सड्क निर्माण, १५० कि.मि.नयाँ बाटो निर्माण, २०० कि.मि.बाटो मर्मत संभार, ४ कि.मि.ढल तथा नालि निर्माण, विपन्न तथा सिमान्तकृत गन्धर्व समुदायको लागि सामुहिक आवास निर्माण, कोहलपुर चौराहामा सिद्धार्थ ग्रुप अफ हस्पिटालिटिको सहकार्यमा आधुनिक पार्क निर्माण, व्यवस्थित तथा आधुनिक वधशाला निर्माण कार्यको थालनी, विषयगत शाखाबाट सेवा प्रवाह, कोहलपुर गोलपार्कमा आधुनिक घण्टाघर तथा भ्युटावर निर्माण कार्य थालनी, तेह्र विघामा रंगशाला तथा खेलमैदान निर्माण, खानेपानी तथा सरसफाईका कार्यक्रम, पुर्णखोप तथा साक्षर नगरपालिका घोषणा, डुडुवा नालामा तट्बन्धन, न्यायिक समितिबाट नियमित रुपमा न्याय संम्पादन र सबै वडामा सामुदायिक मेलमिलाप केन्द्रको स्थापना, महिला, वालवालिका, आदिवासी जनजाति, दलित, अपाङ्ग, सिमान्तकृत तथा लोपोन्मुख राजी तथा चिडिमार समुदाय, जेष्ठ नागरिक, मुक्त कमैया कम्लहरी लगायत लक्षित वर्गको नेतृत्व विकास, क्षमता विकास र आयआर्जनका कामहरु, कृषि तथा पशुपालन क्षेत्रमा कृषि यान्त्रिकरण र आधुनिकिकरण गर्दै खाधान्न, तरकारी, मासु, दुध र अण्डामा आत्मनिर्भर बनाउने खालका कार्यक्रम संचालन, नगरक्षेत्रमा रहेका फुटपाथ तथा ठेला व्यापारलाई ब्यवस्थित गर्ने, उद्योगी व्यवसायिहरुको क्षमता विकासका कामहरु, नगरक्षेत्रका मुख्य-मुख्य स्थानमा उद्योग वाणिज्य संघ लगायत उद्योगी ब्यवसायीहरुको सहकार्यकमा CCTV जडान, ताईवानमा मेरो भ्रमणका दौरानमा त्यहाँको National Science and Technology Center for Disaster Reduction(NCDR) संगको सहकार्यमा कोहलपुर नगरपालिकामा विपद्पूर्व सुचना प्रणाली जडान तथा विपद् जोखिम न्युनिकरण सम्बन्धी द्विपक्षीय संझौता भै सेन्सर जडान तथा नगरपालिकाका जनप्रतिनिधहरु तथा कर्मचारीहरुलाई ताईवानमा भ्रमण र क्षमता विकास तालिमका कार्यक्रमहरु यस अवधिमा भएका मुख्य-मुख्य उपलब्धिको रुपमा रहेका छन् ।

कोहलपुर नगरपालिकालाई "क्लिन एण्ड ग्रीन सिटि" "समृद्ध र विकसित सिटि' को रुपमा विकास गर्न यस सुन्दर नगरी कोहलपुरलाई आन्तरिक एवं बाह्य पर्यटकहरुको गन्तव्य स्थलको रुपमा विकास गर्न, नगर क्षेत्रमा नयाँ पर्यापर्यटकीय गन्तव्य स्थान, उद्योगधन्दा, व्यवसाय तथा लगानी भित्राउनका लागि आवश्यक पर्ने सबै किसिमको पुर्वाधारहरुको निर्माण कार्यमा सहयोग गर्न म सम्पुर्ण सरोकारवाला निकायहरुसँग सहकार्य, साझेदारी र समन्वयको लागि हार्दिक अनुरोध गर्दछु ।

यस नगरपालिकामा रहेको अशिक्षा, गरिवी, बेरोजगारी, विभिन्न खालका सामाजिक तथा आर्थिक विभेदहरु र भौगोलिक विकटता लगायतका समस्याहरुलाई निर्मुल गरी सम्पूर्ण नगरवासीहरुको मुहारमा खुशी र समृद्धि ल्याउन ईतिहासले हामीलाई सुम्पेको ऐतिहासिक कार्यभार दृढतापूर्वक पुरा गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

हामीलाई प्राप्त भएको सिमित श्रोत साधनलाई अधिकतम सदुपयोग गर्दै आम जनताका न्यायोचित विकासका माग र आंकाक्षाहरुको सम्बोधन मार्फत कोहलपुर नगरपालिकाको दिगो विकासको आधारशिला निर्माण गर्न संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत लगायत अन्य विकास साझेदारहरुबाट प्राप्त हुन सक्ने सहयोग समेतलाई मध्यनजर गर्दै आर्थिक वर्ष : २०७६/०७७ को नीति तथा कार्यक्रम यस गरीमामय नगर सभामा प्रस्तुत गर्दछु ।

**आदरणीय सभासद ज्यूहरू,**

अब म कोहलपुर नगरको सोच,लक्ष्य, नीति र कार्यक्रम तर्फ यहाँहरूको ध्यानाकर्षण गर्दछु ।

**१.सोच :** "समृद, हरित तथा विकसित कोहलपुर नगर "

**२.लक्ष्यहरू :**

- १५ बर्ष भित्र यस नगरपालिकालाई अन्तर्राष्ट्रिय स्तरका पूर्वाधार सहित सुविधा सम्पन्न शहरका रूपमा विकसित गर्दै **सुखी, खुसी, सभ्य र समृद्ध** नागरिकहरूको शहर निर्माण गर्ने ।
- साक्षरता,औसत आयु, खाद्य संम्प्रभुताको अधिकार, प्रतिव्यक्ति वार्षिक आयमा वृद्धि र मातृ/शिशु/बाल मृत्युदर घटाई उत्कृष्ट मानव विकास सूचकाङ्क भएको, विभेद, जोखिम, लैंगिक हिंसामुक्त सामाजिक न्याययुक्त नेपालको नमूना नगरका रुपमा विकास गर्ने ।

**३. नगरको समग्र नीतिहरु :**

- जनप्रतिनिधि र कर्मचारी प्रशासनलाई जनताप्रति जवाफदेही र उत्तरदायी बनाईने छ । सबै किसिमका ढिलासुस्ती र अनिमियतता विरूद्ध **शून्य सहनशीलताको नीति अवलम्बन** गरिनेछ ।
- सार्वजनिक, नीजि र सहकारी गरी ३ खम्बे अर्थनीति अवलम्बन गरिने छ ।
- वन, नदी, खोला, ताल तथा जलाधार संरक्षण गर्दै प्रर्दूषण नियन्त्रण र पर्यावरण सन्तुलन गर्दै नगरलाई **क्लिन र ग्रिन सिटी** को रूपमा विकास गरिने छ ।
- टोल विकास संस्था, महिला समुह, आमा समुह, सहकारी संस्थाहरु, बालक्लब, किशोरी क्लब, यूवाक्लब लगायत मार्फत व्यापक जनपरिचालन गरी **सामाजिक पूँजीको** निर्माण गर्दै विकास निर्माणमा ब्यापक जनसहभागिता अभिबृद्धि गरिनेछ ।
- नगरपालिका क्षेत्रमा हुने विपद् तथा प्रकोप जोखिमको न्युनिकरणको कामलाई सरोकारवालाहरुको सहकार्य र साझेदारीमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न गरिनेछ ।
- नगरवासीको आधारभूत आवश्यकता शिक्षा, स्वास्थ्य,आवास तथा स्वच्छ खानेपानीलाई प्रमुख प्राथमिकता दिई योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँब्लक, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुलाई जग्गाधनी पुर्जा (लालपुर्जा)वितरण गर्नका लागि संघीय सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकाय सँग पहल गरिनेछ ।
- विपन्न, दलित, लोपोन्मुख आदिवासी जनजाती तथा सिमान्तकृत समुदायको लागि **जनता आवास/एकीकृत आवास कार्यक्रम** संचालन एवं विस्तार गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा उल्लेखनीय योगदान पुर्याउनुहुने व्यक्तित्वहरुलाई सम्मान गरिने छ ।
- कोहलपुरलाई शैक्षिक हवको रुपमा विकास गर्न पहल गरिनेछ ।
- कोहलपुर नगरवासीलाई गास, बास, कपास ,शिक्षा, स्वास्थ्य र रोजगारका साथै मनोरञ्जन, खेलकुद, कला, साहित्य, भाषा, संस्कृति आदिको संरक्षण गरी नगरलाई नेपालको पर्यटन, शिक्षा, खेलकूद, स्वास्थ्य र मनोरञ्जनको प्रमुख केन्द्रका रूपमा विकसित गरिने छ ।

**सभासद् मित्रहरू,**

यस कोहलपुर नगरपालिकाले आर्थिक वर्ष : २०७६/०७७ को लागि क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु । .

## १.कृषि तथा पशुपालन :

- "**कृषि र पशुपालनबाट स्वरोजगार, समृद्धि र रोजगारीको आधार"** कार्यक्रम सबै वडामा संचालन गरिनेछ ।
- नगरपालिकालाई खाद्यान्न, फलफूल, तरकारी, माछा, दुध, मासु र अण्डामा आत्मनिर्भर बनाईनेछ ।
- कृषि कर्जा र विमालाई किसान मैत्री बनाउन बैंक तथा वित्तिय संस्थाहरु सँग आवश्यक समन्वय र सहजिकरण गरिनेछ ।
- घाँसमा आधारित पशुपालन व्यवसायको विकास र प्रवर्द्धन गरिनेछ । डाले घाँस तथा भुई घाँस खेतिको ब्यापक विकास र विस्तार गरिनेछ ।
- कोहलपुरमा रहेका तरकारी तथा फलफुल हाटबजार, पशु हाटबजार स्थललाईआधुनिक र प्रविधियुक्त बनाईने छ ।
- छाडा चौपाया नियन्त्रणका लागि आवश्यक कार्य गरिनेछ । नगरपालिकामा यसै वर्ष देखि **पशुको जन्मदर्ता** तथा पशु चौपायाहरुको पहिचानको लागि **ट्याग लागाउने** कार्यक्रम संचालन गरिनेछ ।
- परम्परागत पशुपालन पेशा गरिरहेका पशुपालक कृषकहरुलाई आधुनिक पशुपालनको क्षेत्रमा ज्ञान, सीप र क्षमता विकास गरिनेछ ।
- सामुहिक कृषिकार्यमा युवाहरुलाई उत्प्रेरित तथा कृषिमा रोजगारी सृजना गर्न सबै वडामा "**नगर प्रमुख युवा कृषि कार्यक्रम"** संचालन गरी कम्तीमा ७५ जना युवा कृषकहरुलाई स्वरोजगार बनाईनेछ ।
- कृषि तथा पशुको उत्पादन र उत्पादकत्व वृद्धिका लागि संचालन भएको **साना किसान सुदृढिकरण कार्यक्रमलाई** थप प्रभावकारी बनाउदै निरन्तरता दिईने छ ।
- दुग्ध डेरीको संस्थागत विकास तथा दुग्धजन्य पदार्थको उत्पादन र विविधिकरण लागि आवश्यक काम गरिनेछ ।
- गाई भैंसीको पशु **सुत्केरी भत्ता कार्यक्रम लाई** निरन्तरता दिदै थप प्रभावकारी बनाईनेछ ।
- कृषकहरुलाई उन्नत बिउबिजन र मलमा आवश्यक सहयोग गरिनेछ । कृषि तथा पशुपालन क्षेत्रमा राम्रो काम गर्ने उत्कृष्ट कृषकहरुलाई छनौट गरी पुरुस्कृत गरिनेछ ।
- नगरपालिका क्षेत्रमा पशुपक्षीजन्य रोगहरुको रोकथाम तथा उपचारको लागि निःशुल्क खोप र उपचारको व्यवस्था गरिने छ । सबै वडामा पशु स्वास्थ्य उपचार शिविर र कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पुष्प व्यवसाय र माहुरीपालन कार्यक्रमलाई प्राथमिकता साथ अनुदान उपलब्ध गराईने छ ।
- नगरपालिका क्षेत्रमा अतिथिहरुलाई गरिने स्वागत तथा सत्कार कार्यक्रमहरुमा हाल प्रचलनमा रहेको खादा अर्पण प्रचलनलाई पूर्ण रुपमा बन्द गरी पुष्पगुच्छाद्वारा स्वागत गरिने प्रचलन कायम गरिनेछ ।

## २. शिक्षा तथा खेलकुद :

- कोहलपुर नगरपालिकालाई शैक्षिक हब बनाउन अवधारणा पत्र, गुरुयोजना विकास लगायत अन्य आवश्यक शैक्षिक नीतिहरु तर्जुमा गरिनेछ । कोहलपुर क्षेत्रमा रहेर यस क्षेत्रका अनुसन्धानमा M.Phil र Ph.D गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गरिनेछ ।

- शैक्षिक गुणस्तरको नीतिगत मापदण्ड निर्धारण तथा कार्यविधिहरुको निर्माण गरिनेछ ।
- विद्यालयहरुमा विपद् व्यवस्था सम्बन्धी सहयोगी पाठयपुस्तक तयार गरी अध्ययन गराउने व्यवस्था मिलाइनेछ ।
- मापदण्ड बमोजिम शैक्षिक सूचकहरु हासिल गर्न विद्यालयहरुलाई जवाफदेही बनाइनेछ ।
- आ.व. २०७५/७६ मा गठित शैक्षिक गुणस्तर सुधार समितिले दिएको सुझावहरुलाई कार्यान्वयन गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।
- शिक्षक, विद्यालय कर्मचारी, व्यवस्थापन समितिहरुको क्षमता विकास गरिनेछ । आवश्यकताका आधारमा शिक्षक तथा विद्यालय कर्मचारीको दरबन्दी मिलान गरिनेछ । नपुग दरबन्दी संघीय सरकारसँग माग गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि आवश्यक पर्ने पुर्वाधार विकास, सुचना प्रविधि, शैक्षिक सामग्री, विज्ञान प्रयोगशाला लगायत उचित प्रबन्ध गरिनेछ ।
- सामुदायिक विद्यालयमा **प्राविधिक विषय** संचालन गरेका विद्यालयहरुलाई **विशेष अनुदानको** व्यवस्था गरिनेछ ।
- नगरपालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगीता तथा मेयरकप प्रतियोगीता खेलाइनेछ ।
- **मेयर कप** लाई आगामी वर्ष देखि **एक इभेन्ट को विशेष महत्व**को प्रतियोगीता बनाइने छ । "**महिला किकेट हाम्रो शान ,कोहलपुरको पहिचान** "उपमेयर कप महिला क्रिकेट प्रतियोगितालाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयको गुणस्तर वृद्धिका लागि सिकाई उपलब्धिको मापन गरी उत्कृष्ट हुने विद्यालयलाई पुरस्कृत गरिनेछ । नगर शिक्षा समिति मार्फत मुल्याङ्कन अनुगमन कार्यलाईं ब्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- सामुदायिक विद्यालयहरुमा एसइई परीक्षामा उत्कृष्ठ नतिजा प्राप्त गर्ने विद्यालयलाई पुरुस्कृत गर्दै थप अनुदान प्रदान गरिनेछ ।
- लोपोउन्मुख राजी, खटिक ,चिडिमार ,गन्धर्व ,वादी समुदायका सामुदायिक विद्यालायमा मावि तह तथा सरकारी क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृद्धि दिइनेछ ।
- नगर क्षेत्रका सबै संस्थागत विद्यालयहरुलाई नियमन गरिनेछ । संस्थागत विद्यालयका संस्थापक, प्राचार्य, कर्मचारीहरुका लागि क्षमता विकास तालिम प्रदान गरिनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई बालमैत्री शिक्षण, दण्डरहित शिक्षण र जीवनोपयोगी सिप आदि सम्बन्धी सचेतीकरण तालिमहरु प्रदान गरिनेछ ।
- नमुना माध्यामिक विद्यालयलाई नमुना विद्यालय सुधार गुरुयोजना अनुसार भौतिक निर्माण तथा शैक्षिक गुणस्तर सुधार अनुदान प्रदान गरिनेछ ।

**३.आधारभूत स्वास्थ्य र सरसफाई :**

- जेष्ठ नागरिक एकिकृत स्वास्थ्य शिविर र ८४ वर्ष उमेर पुगेका जेष्ठ नागरीकहरुलाई घरदैलोमा स्वास्थ्य जाँच तथा उपचार कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी बनाईनेछ ।

- नगरक्षेत्र भित्रका सरकारी कार्यालयहरु र सामुदायिक विद्यालयहरुमा निशुल्क सेनेटरी प्याड, टाबेल र डस्टविनको व्यवस्था यसै वर्ष देखि गरी किशोरी तथा महिला मैत्री नगरपालिका बनाईनेछ ।
- नगरक्षेत्र भित्रका आवश्यक स्थानमा सार्वजनिक तथा घुम्ती शौचालयको निर्माण र सञ्चालन गरिनेछ ।
- गुट्खा निषेधित क्षेत्र घोषणा कार्यक्रमलाई सफल पार्न प्रभावकारी कदम चालिनेछ ।
- **सिकलसेल एनिमिया परिक्षण** कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी बनाईनेछ ।
- सबै वडाहरुमा शहरी स्वास्थ्य क्लिनिकहरु स्थापना गरिनेछ । संचालनमा रहेका शहरी स्वास्थ्य क्लिनिकहरुलाई पुर्वाधार सहित थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- प्रत्येक पसलमा **२ वटा डस्टविन अनिवार्य रुपमा राख्नु** पर्ने नियमलाई कडाईका साथ लागु गरिनेछ ।
- कोहलपुर स्वास्थ्य चौकिलाई स्तरोन्नती गरी **१५ शैयाको सरकारी अस्पताल** निर्माण कार्य आगामी आर्थिक वर्ष देखि थालनी गरिने छ ।
- विपन्न, गरिव, गर्भवती महिला, सर्पदंश, दुर्घटना र जेष्ठ नागरिकहरुलाई नगरपालिकाले **निशुल्क एम्बुलेन्स सेवाको** संचालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वंयसेविकालाई दिदै आएको मासिक यातायात तथा चाडपर्व खर्चलाई निरन्तरता दिईनेछ ।
- आयुर्वेद औषधालय र योग प्रक्षिण नगरका सबै वडामा विस्तार गरिनेछ । हात्तीपाईले रोग सम्बन्धि संचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- गर्भवती महिला र जेष्ठ नागरिकहरुलाई निःशुल्क सुपानेट झुल वितरण गरिने छ ।

**४.लैगिंक समानता तथा समाजिक समावेशिकरण** : यस नगरपालिकाको क्षेत्र भित्र बस्ने सम्पुर्ण लक्षित वर्गको नेतृत्व क्षमता विकास तथा शसक्तिकरणका लागि तपशिल बमोजिमको क्षेत्रगत कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ ।

**क.जेष्ठनागरिक र अशक्त** :

- अशक्त र अपाङ्गता भएका नागरिकलाई बैंकहरुसँग समन्वय गरी सामाजिक सुरक्षा भत्ता घर-दैलोमै दिने व्यवस्था मिलाईनेछ ।
- एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, टुहुरा, सीमान्तकृत र लोपोन्मुख समुदायका लागि सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि भौतिक पुर्नस्थापना सेवामा पहुँच अभिवृद्धि गराउनका लागि सहायक सामाग्री, फिजियोथेरापी तथा आवश्यक पूर्वाधार विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने पहल गरिनेछ ।
- साहारा विहिन अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता पुर्नस्थापर्नाकेन्द्र सञ्चालनका लागि आवश्यक सहयोग, सहकार्य र समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।
- कोहलपुर नपा.-८ गोल्छामा **अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र** निर्माण कार्यको थालनी आगामी आर्थिक वर्ष देखि शुरु गरिनेछ ।
- अपाङ्गताभएका व्यक्तिहरुको सुचनामा पहुँच अभिवृद्धि गर्नका लागि नविनतम प्रविधिमा आधारित सुचना प्रणालीलाई स्थानीय तहमा प्रयोग गर्नका लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुको जीविकोपाजर्नन तथा स्वरोजगारका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**ख) महिला तथा वाल-वालिका :**

- एकल महिला, हिंसा पीडित, द्वन्द्व पीडित तथा पछाडि पारिएका महिलाहरुको लागि जनचेतनामूलक, सशक्तिकरण र **सेफ सेल्टर हाउस** संचालन गरिनेछ ।
- लैंगिक हिंसा न्युनिकरण र मानव बेचविखन मुक्त नगरपालिका बनाउन आवश्यक कार्य गरिनेछ ।
- सडक बालबालिकाका लागि संरक्षण र पुनर्स्थापनाका लागि पुनर्स्थापना केन्द्र स्थापनाको पहल गरिनेछ ।
- लागु औषध, दुर्व्यसनी, मानव बेचविखन र ओसार पसार, असुरक्षित बसाईसराईको विषयमा आवश्यक संचेतनामूलक कार्यहरु गरिनेछ ।
- सामाजका विकृती विसंगती हटाउन आमा समुहहरुलाई परिचालन गर्दै घरेलु मदिराको उत्पादन तथा बेचविखनलाई निरुत्साहित गरिनेछ ।
- **बालमैत्री स्थानीय शासन कार्यक्रम** लागु गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- अनाथ तथा जोखिमयुक्त वालवालिकाका लागि **सामाजिक सुरक्षा कार्यक्रम** लागु गरिनेछ ।
- वालविवाह न्युनिकरणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- वालवालिकाको हक-अधिकार संरक्षणका लागि **बालबालिका सँग मेयर कार्यक्रम** संचालन गरिनेछ ।

**ग) आदिवासी जनजाति तथा सिमान्कृत :**

- विपन्न आदिवासी जनजाति, मुस्लिम, सिमान्तकृत, अल्पसंख्यक र लोपोउन्मूख वर्गहरुका बालबालिकाहरुलाई निःशुल्क पठनपाठनको व्यवस्था गरिनेछ । यस समुदायको उत्थान र विकासका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- कोहलपुर १५मा रहेको चन्नहवागाउँ लाई **धार्मिक पर्यटकिय** स्थलको रुपमा विकास गरिने छ । यस गाउँलाई **विशेष संरक्षण क्षेत्र** घोषणाका लागि आवश्यक पहल गरिने छ ।
- थारु समुदायको परम्परा, संस्कृति ,संस्कार, भेषभूषा आदिको संरक्षण, प्रवर्द्धनका लागि वडा न.११ मा **थारु संग्राहलय** निर्माण गरिने छ ।
- आदिवासी जनजाति समुदायका युवाहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- परम्परागत पेशा, व्यवसाय, लोपोन्मुख कला, ज्ञान र सिपको पहिचान गरी सो को संरक्षण र सम्बर्धनका लागि आवश्यक काम गरिनेछ ।
- चिडिमार, राजी तथा लोपोन्मुख आदिवासी जनजाति समुदायका लागि **जनता आवास तथा एकिकृत आवास** कार्यक्रम लागु गरिन छ ।

**घ) भाषा, संस्कृति, कला, साहित्य :**

- कोहलपुरलाई धार्मिक पर्यटकिय स्थलको रुपमा विकास गर्न आवश्यक पुर्वाधारको विकास गरिनेछ ।
- नगरभित्र आपसी सामाजिक सद्भावलाई सुदृढ तुल्याउन स्थानीय साँस्कृतिक पर्वहरुलाई प्रादेशिक र स्थानीय पर्वको मान्यता दिलाउन आवश्यक पहल गरिनेछ ।
- शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य आदिको विकासमा योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मानित गरिने कार्यको थालनी गरिनेछ ।

- कोहलपुर क्षेत्रमा रहेका कला साहित्यिक प्रतिष्ठानहरुको विकास र उत्थानका लागि आवश्यक कार्य गरिनेछ ।

**ङ) स्थानीय न्यायिक समिति तथा मेलमिलाप :**

- नागरिकहरूको सुविधा तथा सानातिना विवादहरु समाधानका लागि स्थानीय स्तरमा गठन भएका सामुदायिक मेलमिलाप केन्द्र तथा मध्यस्थता सेवालाई प्रभावकारी बनाइनेछ ।
- न्यायिक समितिको कार्यहरूलाई प्रभावकारी र सर्वसुलभ बनाइने छ ।
- वडा स्तरमा रहेका मेलमिलापकर्ताहरुको क्षमता विकासका लागि तालिम तथा पुनर्ताजकी तालिमहरु संचालन गरिने छ ।

**च) युवा तथा किशोर किशोरी :**

- **"हाम्रा युवा सिर्जनशिल र सभ्य युवा"** भन्ने नारालाई साकार पार्न सबै वडामा बैचारिक र खेलकूद प्रतियोगिता संचालन गरी युवाहरुलाई सिर्जनशिल र सभ्य बनाईनेछ ।
- शिक्षित युवाहरुलाई लोकसेवा आयोग र शिक्षक सेवा तयारी कक्षा तालिम संचालन गरी सरकारी सेवामा पहुँच वृद्धि गरिनेछ ।
- किशोर किशोरीहरुको आत्मविश्वास तथा यस अवधिमा आउने शारीरिक तथा मानसिक परिवर्तनलाई सामना गर्न सक्ने कार्यक्रम संचालन गरिनेछ ।
- समाजमा हुने लागु पदार्थ सेवन, कुलत, मानव बेचविखन ,बालविवाह आदि न्युनिकरणमा युवा क्लब र किशोरी क्लब परिचालन गरिनेछ ।

**छ) सूचना तथा संचार :**

- नगर क्षेत्रभित्र संचालनमा रहेका मिडिया हाउसको विकास र उत्थानका लागि मिडिया हाउसले खेलेको भूमिकाका आधारमा नगरपालिकाको तर्फबाट आर्थिक सहयोग गर्ने नीति लिईनेछ ।
- नगरका कार्यक्रम, सेवाप्रवाह तथा योजनाका बारेमा नगरवासीलाई सुसूचित गर्न **नगर बुलेटिन** प्रकाशन गरिनेछ ।
- हरेक वर्ष शिक्षा, स्वास्थ्य, खेलकूद, वातावरण, पर्यटन र विकास निर्माणका बारेमा सकारात्मक समाचार लेख्ने पत्रकारहरुलाई पुरुस्कार प्रदान गरिनेछ । यस क्षेत्रमा कार्यरत संचारकर्मीहरुको ज्ञान, सिप, क्षमता अभिबृद्धिका लागि आवश्यक कार्य गरिनेछ ।
- एफएम रेडियोको प्रसारण क्षमता र कभरेज एरिया तथा पत्रिकाको प्रकाशित संख्या, वितरण क्षेत्र, समाचारको विश्वस्नियता तथा यसले निर्वाह गरेको सामाजिक उत्तरदायित्वको आधारमा सूचना र विज्ञापन उपलब्ध गराउने नीति लिइनेछ ।

**५.सहकारी एवं वित्तीय संस्था :**

- नेपाल सरकारको **तिनखम्बे अर्थनीतिलाई** पुर्ण रुपमा अवलम्बन गरिनेछ । सहकारी क्षेत्रको विकास, प्रवर्द्धन र नियमनको काम गरिनेछ ।
- दैनीक उपभोग्य वस्तु, कृषि, जडिबुटि, मत्स्य तथा पशुजन्य उत्पादन, वितरण र विक्री गर्ने सहकारीहरुलाई कर छुट तथा अनुदानको व्यवस्था गरिनेछ । आगामी वर्ष देखि **सुपथ मूल्यका सहकारी पसल** सञ्चालन गर्न पहल गरिनेछ ।
- वित्तीय र सहकारी संस्थाहरुलाई उत्पादनमुलक कार्यमा लगानी गर्न उत्प्रेरित गर्ने नीति लिईनेछ ।
- महिलाहरुले संचालन गरेको सहकारी संस्थाहरुको संस्थागत क्षमता विकासमा आवश्यक लगानी गरिनेछ ।

**६ .स्थानीय बजार व्यवस्थापन :**

- कोहलपुर नगरभित्रका साना ठूला व्यवसाय तथा पसलहरूलाई ब्यवसाय दर्ता गरी सबैको तथ्याङ्क अध्यावधिक गरिनेछ ।
- **उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन** कार्यलाई थप प्रभावकारी एवं व्यवस्थित बनाई उपभोक्ताको हक र हितलाई संरक्षण गरिनेछ ।
- उपभोक्ता हित संरक्षण सम्बन्धी संचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- सुपरमार्केट र ब्यापारिक मल तथा १० करोड भन्दा बढीको पूँजी लगानी गर्ने उद्योग प्रष्ठिानहरुलाई करमा सहुलिएत प्रदान गर्दै, नगरपालिकाको तर्फबाट पुरा गर्नु पर्ने पुर्वाधार निर्माण, बिजुली बत्तिको लाईन विस्तार र औधोगिक सुरक्षाको प्रत्याभुति प्रदान गरिनेछ ।
- नगर क्षेत्रका आवश्यक स्थानमा **प्रहरी विट तथा हाईम्याक्स** लाईटको ब्यवस्थापन गरिनेछ ।
- स्थानीय समुदायले उत्पादन गरेका हस्तकलाका सामग्रीहरुको उचित बजारीकरण गर्नका लागि **कोशेली घरको** स्थापना तथा संचालन गरिने छ ।
- नगरक्षेत्रमा शान्ति सुरक्षा कायम गर्न उद्योगी व्यवसायीहरु र औधोगिक प्रतिष्ठानको सहकार्यमा **नाईटभिजन सिसिटिभी** जडान गरिनेछ ।

**७ . सिपमुलक, आयमुलक तथा गरीवी निवारण कार्यक्रमहरु :**

- विपन्न महिलाहरुका लागि आय-आर्जन तथा सिपमुलक कार्यक्रम मार्फत स्वरोजगारीको अवसरहरु सृजना गरिनेछ ।
- आर्थिक रुपमा विपन्न वर्गको उत्थान र विकासका लागि आवश्यक कार्य गरिनेछ ।
- परम्परागत देखि नै आफ्नो पेशा ब्यवसायमा लागेका दलित तथा आदिवासी जनजाति समुदायको परम्परागत सिप तथा पेशालाई आधुनिकिकरण र बजारीकरण गर्नका लागि आवश्यक सिपमुलक तालिम तथा प्रविधि प्रदान गरिनेछ ।
- बेरोजगार युवाहरुलाई आवश्यक सिप, प्रविधि, अनुदान र सहुलियत ऋणको व्यवस्था गर्न प्रदेश तथा संघीय सरकार, अन्य सरोकारवाला पक्षहरुसंग आवश्यक समन्वय गरी स्वरोजगारीका अवसर प्रदान गरिनेछ । रोजगारी सिर्जना गर्ने उद्योग, व्यबसाय र सेवालाई कर छुटको व्यवस्था गरिनेछ ।
- विपन्न तथा गरिव वर्गका युवाहरुलाई वेटर, कुकिङ्ग, ड्राईभिङ्ग, सेक्युरी तालिम लगायतका स्वरोजगारमुलक तालिम संचालन गरी स्वरोजगार बनाईनेछ ।
- विपन्न नागरिक, मुक्त कमैया कम्लहरी, आदिवासी जनजाति, दलित, मुस्लिम, चीडिमार आदि समुदायको गरीवी निवारणका लागि आवश्यक कार्य गर्ने नीति लिईनेछ ।

**८.पर्यटन :**

- कोहलपुर क्षेत्रमा रहेका धार्मिक, साँस्कृतिक, प्राकृतिक सम्पदाहरुलाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्न, पर्यटन गतिविधिको विकास र विविधिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- कोहलपुर नगरपालिकामा रहेका पार्कको विकास र विस्तारका लागि आवश्यक कार्य गरिनेछ ।
- कोहलपुर नगरपालिकामा संचालन भएका होमस्टे तथा नया सम्भाव्यता भएका स्थानहरुको विकास र प्रर्वद्धन गर्नका लागि आवश्यक काम गरिनेछ ।

- वन तथा वातावरण संरक्षण र यसको उपयोगको लागि सामुदायिक वनहरुसँग सहकार्य गरिनेछ ।
- नगरक्षेत्र भित्रका पर्यटन व्यवसाय सँग सम्बन्धित होटेल व्यवासीहरु, ट्राभल एजेन्सी, होमस्टे संचालकहरुलाई पर्यटन व्यवसाय प्रवर्द्धनका लागि आवश्यक सहजिकरण एवं प्रोत्साहान गरिनेछ ।

**९. कर , सेवा शुल्क तथा राजश्व :**

- नगरबाट लिइने कर, राजस्व तथा सेवा शुल्क आदि व्यवस्थित र नियमित गरिने छ । **“हाम्रो नगर हाम्रो कर, समृद्ध वनाउने हाम्रै रहर”** भन्ने नारालाई साकार पार्न नियमित कर तिर्ने करदातालाई वार्षिक रुपमा सम्मान गरिने छ । प्रगतिशील कर प्रणालीका आधारमा करको दायरा बढाइनेछ ।
- .राजश्व तथा कर असुलीका नयाँ श्रोतहरुको खोजि गरी नगरपालिकाको आन्तरिक आयलाई दिगो र वास्तविकतामा आधारित बनाईनेछ ।
- घरनक्सा पास, प्रमाणीकरण,अभिलेखीकरण, कर-राजस्व भुक्तानी र सिफारिस सेवालाई सहज र व्यवस्थित गर्ने सफ्टवेयर जडान गरिनेछ । २०७२ साल अघि बनेका घर नक्साहरुको अभिलेखिकरण गरिनेछ ।
- आवश्यक जनशक्ति व्यवस्थापन गरी सबै वडा कार्यालयहरुबाट कर तथा राजश्व बुझाउने व्यवस्था मिलाईने छ ।
- घर वाहल कर संकलनका लागि स्वघोषणा अभियान संचालन गरिनेछ ।

**१० सडक, पुल र सिचाई :**

- ग्रामिण सडकहरूको स्तरोन्नति र विस्तार गरिनेछ । स्तरोन्नती भएका सडकहरुलाई क्रमश : कालेपत्रे गर्दै लगिनेछ ।
- नगर स्तरिय सडक मापदण्ड तयार गरी लागु गरिनेछ ।
- नगरभित्र र बाहिर चक्रपथको निर्माण गर्न आगामी आ.व.मा **विस्तृत परियोजना प्रतिवेदन** ( **डिपिआर**) तयार गरिनेछ ।
- रोहणी खोला, किरण खोला, डुडुवा खोला लगायतका क्षेत्रहरूमा आवश्यकता अनुसार पुल, पुलेसा र कजवे निमार्ण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
- नगरभित्रका खेतीयोग्य जमिन तथा बाँझो जमिनमा आवश्यक सिंचाईको व्यवस्था गरी कृषि उत्पादनमा बढावा दिईनेछ ।
- कोहलपुर नगरपालिका क्षेत्रका सबै वडाहरुमा सिचाई सुविधाका लागि राष्ट्रिय गौरवको योजना भेरी बबई परियोजनाको पानी ल्याउन संघीय सरकारमा पहल गरिनेछ ।

**११ घरजग्गा धनीपुर्जा वितरण तथा भू–उपयोग नीति** :

- सम्पूर्ण नगरपालिका क्षेत्रमा नापी नक्सा, घर/जग्गा धनीपुर्जा ,बाटो र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणालीमा आधारित अद्यावधिक अभिलेख तयार गर्ने कार्यको थालनी गरिने छ ।
- नगरपालिका क्षेत्रमा विना स्वीकृती प्लानिङ्ग गर्ने कार्यलाई निरुत्साहित गरिने छ । यसै वर्ष कोहलपुरको **भुउपयोग नीति** तयार गरी लागु गरिने छ ।
- नगरक्षेत्रमा रहेका सम्पुर्ण सार्वजनिक जग्गालाई नगरपालिकाको मातहतमा राखिनेछ ।

**१२ .खानेपानी, ऊर्जा र वैकल्पिक ऊर्जा :**

- नगरपालिकाका सबै वडाहरुमा स्वच्छ, सफा र सुरक्षित खानेपानीको आपुर्ति हुने व्यवस्था मिलाईनेछ । खानेपानीको बैकल्पिक श्रोतको पहिचान र व्यवस्थानका लागि आवश्यक कार्य गरिने छ ।
- सार्वजनिक शौचालयहरूमा बायोग्यास प्लाण्ट जडान गर्ने व्यक्ति वा संस्थालाई प्राविधिक सहयोग सहित अनुदानको व्यवस्था गरिने छ ।
- कोहलपुर-२ विकास नगरमा **चीनको राइजिङ ईनर्जी कम्पनीको लगानीमा १०० मेगावाट**को सोलार उर्जा उत्पादनको कार्य यसै वर्ष देखि थालनी गरिनेछ ।
- भूमिगत पिउने पानीको स्रोत अध्ययनको लागि विशेषज्ञ टोलीबाट परामर्श लिईने छ । नगरपालिका क्षेत्रभित्र रहेको पुराना कुवा तथा पोखरीहरुलाई सुधार र संरक्षण गर्दै पानीको श्रोत संरक्षण गरिने व्यवस्था मिलाइने छ ।

## १३ विपद व्यवस्थापन

- यस नगरपालिका रNational Science and Technology center for Disaster Reduction (NCDR) ताईवान बीच भएको द्विपक्षिय सम्झौता अनुसार विपद् तथा प्रकोप न्युनिकरणको क्षेत्रमा कार्य गरिनेछ ।
- नगरपालिकाको ६ वटा स्थानमा बाढी , हावाहुरी , भूकम्प जस्ता प्रकोप न्युनिकरणका लागि National Science and Technology center for Disaster Reduction (NCDR) ताईवानको सहयोग सेन्सर जडान गरिनेछ ।
- नगर तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम कार्बाहीलाई प्रभावकारी एवं व्यवस्थित गरिने छ । नगरमा भूकम्प , असिना ,आगलागी, ,बाढी , सर्पको टोकाई, चट्याङग जस्ता प्रकोप, दुर्घटना आदिको व्यवस्थापन गर्न **विपद् व्यवस्थापन कोष** लाई ब्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- प्रत्येक वडामा विपद् ब्यवस्थापन समिति मार्फत आईपर्ने विपद्को तत्कालिन उद्धार तथा पुर्नस्थापनाको कार्य गरिने छ । सबै वडाहरुमा खुल्ला क्षेत्रको ब्यवस्थापन गरिनेछ ।
- कर्मचारी र जनप्रतिनिधिहरुलाई विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्यन अवलोकन भ्रमणका कामहरु गरिनेछ ।
- प्राकृतिक जोखिमयुक्त क्षेत्रका वासिन्दाहरुका लागि **आवास विमा कार्यक्रम** संचालन गरिनेछ ।

## १४ वन,वातावरण, जलाधार र वन्यजन्तु :

- नगर भित्रका वन तथा जङ्गलहरूको संरक्षण र नियमन गरिने छ । सार्वजनिक बाँझो जमिनहरूमा १ लाख वृक्षारोपण गरी **हरित नगर अभियानलाई** निरन्तरता प्रदान गरिनेछ ।
- वन पैदावारको बढ्दो खपतलाई सहज गर्न नीजि जग्गामा विरुवा लगाउने किसानलाई प्रोत्साहन गरिनेछ ।
- डुडुवा खोला, रोहणी खोला, किरण खोला लगायत सिमसार क्षेत्र, तालतलैयाहरुको मुहान संरक्षणका तथा वातावरणीय प्रर्दुषण नियन्त्रणका लागि जैविक तटबन्ध गरिने छ ।

## १५ खानी तथा खनिज :

- नगरमा रहेका खानी तथा खनिज पदार्थको संरक्षण र नियमन गरिने छ ।
- नगरभित्र रहेका रानीघाट, डुडुवा तथा रोहणी खोलामा रहेका गिटी, ढुङ्गा, वालुवा, बेसमाटो आदिको उत्पादन, उल्खन्न र संरक्षणका लागि आवश्यक व्यवस्थामिलाइने छ ।

**१६ फोहरमैला व्यवस्थापन :**

- नगरपालिकाक्षेत्रको सम्पूर्ण फोहरमैलाको संकलन तथा ब्यवस्थापनको कार्य नगरपालिकाको तर्फबाट गरिनेछ । सबै सरोकारवालहरुको सहभागितामा **"हाम्रो कोहलपुर, स्वच्छ र सफा कोहलपुर अभियान"** संचालन गरिनेछ ।
- नगरक्षेत्रमा फोहरमैला ब्यवस्थापनमा स्थानीय क्लब, महिला समूह र टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ । जथाभावी फोहर फाल्ने र फोहर गर्नेलाई कानुनी कार्वाही गरिनेछ ।
- .फोहरमैला ब्यवस्थापनका लागि यसै आगामी आर्थिक वर्ष देखि **आधुनिक ल्याण्डफिल साईटको निर्माण तथा दिशाजन्य लेदो पदार्थको व्यवस्थापनका लागि** आवश्यक कार्य थालनी गरिनेछ .।

**१७ .क्षमता विकास, सुशासन तथा जनशक्ति व्यवस्थापन :**

- **सुशासनका लागि आर्थिक पारदर्शिता** भन्ने नीति कार्यान्वयन गरिने छ ।
- जनतालाई दिइने सेवालाई चुस्त, दुरुस्त र सरल वनाउनका लागि सबै वडा कार्यालयहरूलाई नगरपालिका संग द्रुत गतिको ईन्टनेट मार्फत नेट-वर्किग गरी पेपर लेस, ई-गर्भनेन्सको थालनी गरिनेछ ।
- नगरकार्यपालिकाको कार्यालय र मातहतका शाखा, उपशाखा, वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।
- स्थानीय सरकारबाट प्रदान गरिने सेवालाइ जनउत्तरदायी बनाउन नगरपालिका र प्रत्येक वडा कार्यालयहरूमा नागरिक बडापत्र, सुशासन हेल्प डेस्क, नागरिक भेला, सार्वजनिक सुनवाई तथा सामाजिक परीक्षण, अनुगमन संयन्त्र र कार्यप्रणालीलाई पारदर्शी वनाउँदै सबै सुचनाहरु नगरपालिकाको वेवसाईटमा अध्यावधिक तथा ब्यवस्थित गरिनेछ ।
- कर्मचारी कल्याण र अवकाश कोषको व्यवस्थापन गरी कार्यरत कर्मचारीहरू मध्ये स्वेच्छिक तथा अनिवार्य अवकाश लिन चाहने कर्मचारीहरूलाई सेवा निवृत्त गर्ने व्यवस्था मिलाइने छ ।
- सेवाग्राही सहायता कक्ष, नगरपालिकाको सेवालाई मोबाईल एपमा जोडने, वडा कार्यालयहरुमा डिजिटल सूचना पाटी राखी कार्यालयलाई सुचना प्रविधिमैत्री बनाईने छ ।
- कार्यालयमा रहेको बेरुजु तथा पेश्की फर्छ्यौटलाई प्राथमिकतामा राखी काम गरिनेछ । आर्थिक पारदर्शिता र आर्थिक अनुशासन कायम गर्नका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई ब्यवस्थित गरिनेछ । प्रत्येक चौमासिकमा नगरपालिकाको आय व्यय सार्वजनिक गरिनेछ ।
- निर्वाचित जनप्रतिनिधिहरुको लागि क्षमता विकास तालिम तथा अध्यन अवलोकन भ्रमण कार्यक्रम द्धारा दक्षता बृद्धि गरिनेछ ।
- नगरपालिकाको **संगठन तथा ब्यवस्थापन सर्वेक्षण** गरि दरवन्दी मिलान गरिनेछ ।

**१८ .स्थानीय तथ्याङ्क र अभिलेख संकलन :**

- सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेखराखी संरक्षण र सदुपयोग गरिनेछ । मानव संशाधन, प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदा आदिको अभिलेखीकरण र अद्यावधिक गरी व्यवस्थित गरिनेछ ।

- विपन्न तथा न्यून आय भएका नागरिक, फरक क्षमता भएका नागरिक, बालश्रमिक, सडक बालबालिका, हिंसा पीडित महिला, अल्पसंख्यक जाति र द्वन्द्व पीडितको अभिलेख तयार गरी विशेष कार्यक्रम संचालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको बेरोजगारको तथ्याङ्क संकलन गरी कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- सबै वडाको वडा प्रोफायल तयार गरी नगर प्रोफायललाई अध्यावधिक गरिनेछ । नगरपालिकाको आवधिक योजना निर्माण गरी योजनाबद्ध विकासको कार्यलाई अगाडि बढाईने छ ।
- सबै वडामा जन्म, मृत्यु, विवाह, नागरिकता, बसाई सराई लगायतका अभिलेखहरु व्यवस्थित गरिनेछ ।

## १९ नगर स्तरका गौरवका आयेजना तथा कार्यक्रम

- आव २०७४/२०७५ देखि गौरवका आयोजना अन्तरगत संचालन भएका कालोपत्रे सडकहरुलाई यस आर्थिक वर्षमा निरन्तरता दिदै थप १२ कि.मि. सडक कालोपत्रे गरिनेछ ।
- गोलपार्कमा **आधुनिक घण्टाघर तथा भ्युटावर** निर्माण र १३ विघामा रङ्गशाला तथा कभर्ड हल निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।
- आधुनिक सिटिहलको निर्माण कार्य शुरु गर्न आवश्यक पहल गरिनेछ ।
- लामो दुरीको आधुनिक वसपार्क निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- योग तथा ध्यान केन्द्र र **अटो भिलेज** निर्माणका लागि आवश्यक कार्य गरिनेछ ।
- प्रस्तावित अन्तराष्ट्रिय क्रिकेट मैदानको भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- कोहलपुर नगरपालिका-२ तेह्र गिाहको उत्तर सिटिभिटिको कार्यालय सँगै जोडिएको स्थानमा सुविधा सम्पन्न **बाल अस्पताल** निर्माणका लागि संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।
- डुडुवा खोलाको उपयुक्त स्थानमा **विद्युतिय सवदाहगृह** निर्माण कार्यको थालनी गरिनेछ ।
- **आधुनिक वधशाला निर्माण र ल्याण्डफिल साईट** निर्माणको कार्य गरिनेछ ।
- कोहलपुर नगरपालिकाको **बाहिरी रिङरोडको स्थान र लोकेशनको डिमार्केशन** गरिनेछ ।
- कोहलपुरलाई ब्यापारिक तथा शैक्षिक क्षेत्रको केन्द्रविन्दु बनाउने गरी पूर्वाधार विकास गरिनेछ ।
- कोहलपुरको चपरगौडी हुँदै **घुइयाबारी सल्यान जोड्ने अन्तरप्रदेशिय सडक** निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- वडा नं ७, ८ र १४ मा रहेका सामुदायिक वनहरुलाई **औद्योगिक ग्रामको** रुपमा विकास गर्न आवश्यक काम गरिनेछ ।
- **गरिब जनताका खपडा,टायल र फूसको छाना** विस्थापित गराउने अभियानको थालनी गरिनेछ ।
- सिद्धिविनायक सामुदायिक वनलाई पर्यटकीय तथा जकिङ्ग स्थलका रुपमा विकास गरिनेछ ।
- कोहलपुर नगरपालिका-११ कर्णाली बेसन सँगै रहेको करिब डेढ विगाह जग्गाका **नेपाल सरकारकै सूचना प्रविधि सेन्टर** बनाउन आवश्यक पहल गरिनेछ ।
- यसै आर्थिक वर्षमा कोहलपुर **नगरपालिकाको विकास सम्मेलन** गरिनेछ ।

अन्त्यमा, कोहलपुरलाई एउटा गतिशील, विकसित र सबै वर्ग समुदायको जीवन स्तरमा सुधार सहितको सामाजिक न्याय, वातावरणीय अनुकूल हरित, स्वच्छ सफा एवं समृद्ध नगर बनाउने हाम्रो मूख्य लक्ष्य रहेकोछ । यो लक्ष्य पुरा गर्न सिंगो पाँचौं नगरसभाका सबै सभासद् (जनप्रतिनिधि) ज्यूहरु तथा यस नगरपालिकामा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरुको साथ सहयोगलाई अझ सुदृढ र मजबुद बनाउँदै लक्ष्य अनुसारको नतिजा प्राप्तिका लागि दृढ रहदै अघि बढ्नु पर्ने समय आएकोछ । सबैको साथ, सहयोग र सहकार्यबाट मात्र त्यो सम्भव छ भन्ने मैले ठानेको छु । प्रस्तुत नीति तथा कार्यक्रममा वृहत छलफल गरी रचनात्मक सुझाव र सल्लाह प्रदान गर्नुहुनेछ भन्ने मेरो पूर्ण विश्वास छ ।

यस पाँचौ नगरसभामा सहयोग पुऱ्याउनु हुने सबै सभासद (जनप्रतिनिधि)ज्यूहरु, राजनीतिकदल, राष्ट्रसेवककर्मचारी, उद्योगीव्यवसायी, समाजसेवी, बुद्धिजीवि, सञ्चारकर्मी, सुरक्षानिकाय र आम नगरवासीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद प्रकट गर्दछु ।

धन्यवाद ।

लूट बहादुर रावत
(नगर प्रमुख)
कोहलपुर नगरपालिका

प्रमाणिकरण मिति : २०७६/०३/३१

आज्ञाले

दशरथ बुढा

प्रमुख प्रशासकिय अधिकृत